# कानुनि शिक्षाको वर्तमान अवस्था र सुधार गरिनु पर्ने पक्षमा भएका पहलहरु

*डा. युवराज संग्रौला* *

* प्राध्यापक, अन्तराष्ट्रिय कानुन तथा कानुन दर्शन, काठमाडौं स्कुल अफ ल

Email: yubaraj.sangroula@ksl.edu.np

# कानूनी शिक्षाको वर्तमान अवस्था र सुधार गरिनु पर्ने पक्षमा भएका पहलहरु

युवराज संग्रौला

कानून शिक्षाले नेपालमा अर्ध शताब्दीको उमेर पार गर्न लागिरहेको छ, तर पनि गुणस्तरमा सन्तोषजनक प्रगति भएको अवस्था छैन । प्रत्येक पटक पाठ्यक्रमको गुणात्मक पक्षमा होइन संरचनात्मक पक्षमा मात्र परिवर्तन भइरहने क्रमले त्रि.वि.को कानून शिक्षाको पाठ्यक्रम गुणात्मक दृष्टिकोणमा जीर्ण भइरहेको अवस्था छ। स्नातकोत्तरको कक्षा संचालन भएपछि केही सुधारको अपेक्षा गरिए तापनि, अब त्यो अपेक्षा पनि यथार्थ भन्दा भिन्न भइसकेको वास्तविकता हाम्रो सामुन्ने रहेको छ। सर्वप्रथम कानूनी शिक्षाका केही यथार्थ समस्या र चुनौतीहरुको सम्बन्धमा छलफल गर्नु सान्दर्भिक हुनेछ ।

पठन पाठन प्रणालीले कानूनी शिक्षाको गुणात्मक पक्षमा महत्वपूर्ण तत्वको रुपमा भूमिका खेलेको हुन्छ । जुनसुकै अर्थमा लिंदा पनि कानूनी शिक्षा मूलतः व्यावसायिक शिक्षाको श्रेणी वा वर्गमा नै पर्दछ । यसका उत्पादनले व्यावहारिक अनुसन्धान र प्रयोग (Applied Research) लाई अवलम्बन गर्ने गर्दछ । न्यायाधीशहरुले "स्वच्छ र निष्पक्ष" फैसलाको कला विकास गर्नुपर्दछ । अभियोजनकर्ताले "निर्दोषलाई जोगाएर कसूरदारलाई उचित सजायँ पार्न" कानूनको प्रयोगमा दक्षता हासिल गर्नु पर्दछ । कानून व्यवसायीले "कसूरमा आरोपित व्यक्ति" वा मुद्दामा पक्ष रहेको व्यक्तिका कानूनद्वारा संरक्षित अधिकारको हनन हुन नदिन कुशल वकालतको कला र व्यावसायिक चातुर्यताको दक्षता हासिल गर्नुपर्दछ । यी कलाहरु व्यावहारिक प्रयोग प्रणालीबाट ग्रहण गरिने कुरा हुन् । तर नेपाली कानूनी शिक्षा प्रणालीले यस पक्षलाई निरन्तर गर्दै आएको छ । विद्यार्थीहरुलाई यस्तो शिक्षाप्रति कहिल्यै प्रेरित गरेको छैन । सन् १९९१ देखि ३ वर्षसम्म संचालित कार्यमूलक व्यावसायिक प्रशिक्षण कार्यक्रम प्रति पनि विश्वविद्यालयको उपेक्षा रह्यो भन्ने कुरा त्यो कार्यक्रम बन्द भएबाट नै सो कुरा स्वतः प्रमाणित रहेको छ ।

> मुलुकी ऐनको अध्ययनमा आधारित शिक्षाले देशको पुरातन शैलीको कृषिप्रणाली र जग्गा व्यवस्थापनभन्दा बाहिर कानून व्यवसायलाई लान सकेन । वार्षिक १० अरब रुपैयाँभन्दा बढी कारोबार गर्ने पर्यटन उद्योगसंग कानून व्यवसायको कुनै सरोकार विकास हुन सकेन । बरु जग्गाको खरीद बिक्री तर्फ धकेल्दै भूमाफियाको अवस्था सृजना गरायो ।

व्यावसायिक शिक्षा भएकै कारणले यस शिक्षामा त्यस्तो विद्यार्थीले मात्रै मेहनत गर्दछ जसको यस शिक्षासँग सम्बन्धित व्यवसायप्रति पर्याप्त संवेदनशीलता रहेको हुन्छ । तर विश्वविद्यालयले त्यसप्रति किन्चित ध्यान दिएन । कानून क्याम्पसहरु अन्यत्र भर्ना नपाएका सबैले भर्ना पाउने "एउटा सार्वजनिक गोठ" मा परिणत भए । परिणामस्वरुप कानूनी क्षेत्रमा संलग्न हुने संवेदनशील "कानूनविद्"हरु उत्पादन गर्ने शैक्षिक केन्द्र भन्दा कानूनको प्रमाणपत्र प्राप्त गर्ने बेरोजगार जन्माउने केन्द्रको रुपमा कानून क्याम्पसहरु कुण्ठित भए ।



उपप्राध्यापक, नेपाल ल क्याम्पस

परीक्षा प्रणाली पूर्णरुपमा त्रुटिपूर्ण रह्यो भने विद्यार्थीहरुले परीक्षालाई दक्षता परीक्षणको माध्यमको रुपमा ग्रहण गर्न सकेन् । विद्यार्थीहरुका उत्तर पुस्तिकामा चढेका अंकले उनीहरुको मूल्यांकन हुन सकेनन् । यसले क्रमिक र व्यावहारिक रुपमा व्यावसायिक दक्षता प्रस्तुत गर्न सक्ने व्यक्तिहरुको उत्पादन (Professionally Intelligent) भएका व्यक्तिहरुको उत्पादन भन्दा "घोकन्ते विद्वान" हरु जन्माउने काम गऱ्यो, परिणामस्वरुप कानून व्यवसाय, न्याय प्रणाली र अभियोजनपणालीको मर्मलाई बुझ्ने सक्रिय व्यवसायी (Pro-active professionals) हरुको उत्पादन भन्दा "पूर्वाग्रहपूर्ण मान्यताबाट प्रभावित रुढिग्रस्त" व्यक्तिहरु उत्पादन हुन गयो ।

कसले के पढाउन सक्तछ र त्यो पढाउन उसले के शर्त पूरा गरेको छ भन्ने कुरालाई विचार गर्नु भन्दा कसलाई के पढाउन नदिने भन्ने कुरालाई कानूनी शिक्षाको प्रशासनले कहिल्यै त्याग्न सकेन । कुशल पठन पाठन शिक्षाको गुण मानिएन, बैगुण मानियो । दक्षतापूर्वक पठन पाठन गर्ने शिक्षकहरु जहिले पनि अध्यारोमा पारिए, उनीहरुले पदोन्नतिमा लड्नुपऱ्यो, आफ्नो विषय पढाउन संघर्ष गर्नुपऱ्यो आदि इत्यादि । कानून व्यवसायको ज्ञान भएका दक्ष शिक्षकहरु बारम्बार अन्यौल र अन्यौलपूर्ण मान्यताका शिकार भए । योग्य शिक्षकहरुको खाँचो त्रि.वि. ले महसूस नै गर्न सकेन । परिणामस्वरुप त्यस्ता शिक्षकहरु वैकल्पिक व्यवसायतर्फ आकर्षित हुन बाध्य भए ।

५० वर्षको लामो अवधिमा अघिल्लो पुस्तालाई चुनौती दिन सक्ने नयाँ मान्यताद्वारा प्रभावित पछिल्लो पुस्ताको निर्माण गर्न कानूनी शिक्षाले सकेन । विदेशी विश्वविद्यालयमा अध्ययन गरी कानूनी क्षेत्रमा प्रवेश गरेका विश्वनाथ उपाध्याय, शम्भुप्रसाद ज्ञवाली, गणेशराज शर्मा कुसुम श्रेष्ठ, कृष्णप्रसाद पन्त र यहीं अध्ययन गरेका कृष्णप्रसाद भण्डारी, बासुदेव ढुंगाना र मुकुन्द रेग्मी जस्ता अघिल्ला पुस्ताका कानून व्यवसायीहरु नेपालको कानूनी शिक्षाले

जन्माउन सकेन । अहिले वर्तमान अवस्थामा नेपालको कानूनी क्षेत्र वर्तमानलाई हेरेर भविष्यप्रति सुरक्षित भएको महसूस गर्न त्यसै कारण सकिरहेको छैन । बरु विगतलाई हेरेर वर्तमानप्रति नैरास्यता व्यक्त गरिरहेको छ ।

नेपाली कानूनी शिक्षाले व्यावसायिक आचरणलाई कहिल्यै पनि ध्यान दिएन । त्यसैकारण व्यावसायिक आचरण यसको पाठ्यक्रमको तत्व बन्न सकेन । आफूले उत्पादन गरेको उत्पादनले कस्तो भूमिका निर्वाह गर्ला भनेर चिन्ता लिने कार्य कानूनी शिक्षाले कहिले पनि गरेन । परिणामस्वरुप आज अघिल्लो पुस्ताभन्दा पछिल्लो पुस्ता अनैतिक कार्यको ठूलो भारी बोकेर हिंडिरहेको छ र "राजनैतिक बार" को आश्रयमा उसले ठूल्ठूला अनैतिक कुकार्यहरु गरिरहेको छ ।

नेपालको बढ्दो अन्तर्राष्ट्रिय सम्बन्ध, देशले मानव अधिकारको संरक्षणका लागि गरेका प्रतिवद्धता र प्रत्याभूतिहरु, खुल्ला बजार नीति र अन्तर्राष्ट्रियकृत व्यापार, प्रजातन्त्रको स्थापना र स्वतन्त्र र दक्ष न्यायप्रणालीका चुनौतीहरु प्रति कानूनी शिक्षा संवदेनशील हुन सकेन । यसकै कारणले व्यवसायका लागि खुल्ला असंख्य स्रोतको सदुपयोग गर्न कानून व्यवसाय असफल हुन पुग्यो । मुलुकी ऐनको अध्ययनमा आधारित शिक्षाले देशको पुरातन शैलीको कृषिप्रणाली र जग्गा व्यवस्थापनभन्दा बाहिर कानून व्यवसायलाई लान सकेन । वार्षिक १० अरब रुपैयाँभन्दा बढी कारोवार गर्ने पर्यटन उद्योगसँग कानून व्यवसायको कुनै सरोकार विकास हुन सकेन । बरु जग्गाको खरीद बिक्री तर्फ धकेल्दै भूमाफियाको अवस्था सृजना गरायो ।

धेरै मानिसहरुले कानून व्यवसाय र न्यायप्रणालीको गुणमा भइरहेको ह्रासोन्मूख अवस्थालाई व्यक्तिको विशेष चरित्रसँग गाँसेर हेर्ने गरेका छन् । धक नमानी लेख्ने हो भने न्यायपालिकाभित्र फैसला गर्ने भूमिका निर्वाह गर्ने पक्षले कानूनी व्याख्यामा सहयोग गर्ने पक्षलाई "अनावश्यक भार" को रुपमा हेरिरहेको छ भने "पछिल्लोले अघिल्लो" लाई आफ्नो पक्षमा फैसला लेखिदिने गोटी हुनुपर्ने मान्यता राख्दै आएको छ । वास्तवमा यो समस्याको मूलकारण व्यक्तिको विशेष चरित्र नभई कानूनी शिक्षाको कमजोरी हो भनी बुझ्न सकिरहेको अवस्था छैन । "मुलुकी ऐन" लाई ओल्टाई पल्टाई गरेर "वकालत र इन्साफ" गरेको नाटक हामीहरु खेलिरहेका छौं । न्यायाधीशका मञ्चबाट आफू पूर्ण सत्य र पूर्ण चोखो भएका दाबीका भाषण हुन्छन् । बारका मञ्चबाट न्यायाधीशले घूस खाएर न्याय समाप्त पारे भन्ने र आफू पूर्ण सत्य र पूर्ण शुद्ध भएका भाषण हुन्छन् । तर अहिलेको नेपालले "मुलुकी ऐनको" औषधि विशादी हो वा होइन भनी कुकुरलाई खुवाएर जाँच गर्ने मान्यताको आदिम "न्याय" को अवस्थाबाट अगाडि जान खोजेको छ । त्यसैले त्यसलाई परिवर्तन गर्नुपर्दछ भनी बुझ्न दुबै पक्ष तयार छैनन् । वास्तवमा यो पनि व्यक्तिको चरित्रको कारणले होइन हाम्रो कानूनी शिक्षाको पृष्ठभूमिकै निष्कर्ष हो । कानून व्यवसायीहरु (खासगरी नयाँ) न्यायाधीशहरुले वकीलको बहस नै सुन्दैनन् भन्छन्, तर त्यसोभन्दा कसैले लेखेको मुलुकी ऐनको टिप्पणीको पनि राम्ररी अध्ययन गरेको छैन भनी महसूस गर्न आफैं तयार पनि छैनन् । मुद्दाको तथ्य पनि राम्ररी बुझेको छैन भन्ने कुरालाई उनीहरु चटक्कै बिर्सिदिन्छन् । तर त्यहाँनेर कानूनी शिक्षाकै प्रश्न उठ्छ उसलाई व्यवस्थित व्यवसायी हुन कहाँ के सिकाइएको छ ? यस्तो अवस्थामा नेपालको कानून व्यवसाय र न्यायप्रणालीको स्तरको मूल्यांकन गर्दा, कानूनी शिक्षाको स्तरलाई नै पहिला मूल्यांकन गर्नु पर्ने अवस्था रहेको छ । अहिले नेपाली समाजले भोगिरहेका चुनौतीहरुलाई जवाफ दिन सक्ने र कानूनी समस्याको उचित समाधान दिन सक्ने बौद्धिकताको खाँचोलाई पूर्ति गर्न सक्ने कानूनी शिक्षाको विकासमा सबै पक्षको ध्यान जानु आवश्यक छ । त्यसो गर्दा केही चुनौतीहरुलाई अग्र भागमा राखेर सोच विकास गर्नु आवश्यक छ ।

**चुनौती**

अब सर्वोच्च अदालतलाई कानूनको संवैधानिकता जाँच गर्न सक्ने अख्तियार प्राप्त भएको छ र हामीले संवैधानिक कानून शास्त्रको नयाँ मान्यतालाई अगाडि ल्याएका छौं । यस मान्यताले कानूनका सबै क्षेत्रलाई संविधानप्रति जवाफदेही रहन बाध्य पारेको छ । सबै किसिमका कानूनी समस्याको समाधान गर्दा र त्यसो गर्न कानूनको व्याख्या गर्दा संविधानको मर्मलाई ग्रहण गर्न सकिएको छ वा छैन भनी प्रत्येकले आफ्नो सुक्ष्म मूल्यांकन गर्नु पर्ने बाध्यताको सृजना गरेको छ । तर त्यस मनोविज्ञानलाई ग्रहण गर्न सक्ने विद्वानहरुको निर्माण गर्न आफ्नो पाठ्यक्रम संरचनाका बारेमा कति ध्यान दिएको छ । न्यायपालिकाले आफ्नो कार्यको कति मूल्यांकन गरेको छ र कानूनी शिक्षालाई यस दिशातर्फ मुखरित गर्न कति बौद्धिक दबावको सृजना गरेको छ ? त्यसतर्फ आफ्नो अभावलाई पूर्ति गर्न बार कति गम्भीर रहेको छ ? यी विषय मूलतः न्यायाधीश र वकीलका कार्यहरुबाट प्रभावित रहेको हुन्छ । अमेरिका र बेलायतको कुरा छोडौं भारत र श्रीलंकालाई लिने हो भने पनि न्यायाधीशहरु आफ्ना व्यापक समाजलाई प्रभावित गर्ने फैसलाहरुको न्यायोचित आधार (Rationality) का बारेमा लेखहरु लेख्छन् र विश्वविद्यालयमा व्याख्यानहरु दिन्छन् । त्यसले न्यायपालिकाले विकास गरेको कानूनशास्त्रीय मान्यतालाई विश्वविद्यालयको अनुसन्धानको कठघरामा राख्दछ । तर हाम्रो प्रणालीमा न त न्यायाधीशहरु त्यसतर्फ पहल गर्दछन् न विश्वविद्यालयले चासो लिन्छ । कानूनी शिक्षा बेन्च र बारको सरोकारको विषय होइन भन्ने रुढीग्रस्त मान्यताका शिकार हामीहरु भएका छौं । अब यस परिस्थितिमा "न्यायिक पुनरावलोकन" का चुनौतीलाई कसरी व्यवहारमा ढाल्न सकिन्छ । हाम्रो पठनपाठनको गुण पहिलाभन्दा निम्नस्तरमा झरेको छ, फैसलाको प्रणालीमा

परिवर्तन आएको छैन, वकालतको ढर्रामा परिवर्तन आएको छैन। यस अर्थमा नेपाली कानूनी शिक्षाले संविधानको अख्तियारलाई संस्थागत गर्न अदालतका वर्तमान औपचारिक ढर्राहरुलाई निस्तेज गर्दै अग्रगामी गति लिन सक्ने शिक्षा व्यवस्थातर्फ जोड दिनु आवश्यक छ। यसो गर्न तलका कमजोरीहरुलाई कसरी सुधार गर्न सकिन्छ र त्यस्ता कुराहरु सुधार गर्न कानूनका विद्यार्थीहरुको सकारात्मक मनोविज्ञान कसरी निर्माण गर्न सकिन्छ भन्ने कुरा तर्फ खोजीनीति गर्नु अनिवार्य हुन्छ।

**कमजोरी**

अदालतमा न्याय दिनुपर्ने तत्त्व भन्दा "न्यायको तत्त्व" आधारित रहेको प्राविधिक पक्षले महत्त्वपूर्ण स्थान पाउँछ। मूर्त भाषामा भन्ने हो भने न्यायकर्ता "प्राविधिक त्रुटि भेटाएमा अधिकारको गम्भीर्यतातर्फ" प्रवेश गर्न चाहँदैनन्। प्राविधिक विषयले व्यक्तिको अधिकार समाप्त गर्न हुँदैन, किनकि वर्तमान समाज मानव हित र मानव अधिकार पक्षीय समाज हो। उदाहरणका लागि थुप्रै कानून विपरीत मुद्दाहरुमा सर्वोच्च अदालतले कानून बमोजिम त्यस्तो मुद्दा दर्ता भई कार्बाही गर्न मिल्छ मिल्दैन भन्ने विषयमा भन्दा तलको अदालतले नै उचित फैसला गरिहाल्छ भन्ने आधारमा विवादमा उठेको अधिकारको विषयलाई अन्धकारमै राखेर प्राविधिक कारणले रिटहरु खारेज गरेको अवस्था छन्। यो अग्र सक्रियताको लागि तत्परताको अभावबाट भएको हो। अत: कानूनी शिक्षाले व्यक्तिका अधिकारप्रतिको अग्रगामी सक्रियतालाई प्रवर्द्धन गर्नु आवश्यक छ। त्यसतर्फ नै विद्यार्थीहरुको मनोविज्ञान वृद्धी गर्ने शिक्षाको व्यवस्था हुनु आवश्यक छ।

कानून व्यवसायीहरु आफ्ना पक्षलाई सल्लाह दिंदा कानूनको उल्लंघन हुन्छ कि भन्ने कुरा तर्फ सतर्क रहँदैन र परिणामस्वरुप कानूनको पालना सबैको पहिलो कर्तब्य हो भन्ने अग्रगामी सक्रियतालाई बारले बोक्न सकेको छैन। कसूरदारलाई इन्कारी हुन कानून व्यवसायीहरुले सिकाउँछन्, आफ्नो पक्षको हित हुने भए प्रहरी लगाउन पनि उनीहरु पछि पर्दैनन्, विपक्ष र सरकारलाई कमजोर बनाउन सकिने सबै उपायहरु उनीहरु खोजी गर्दछन्। यसले थुप्रै अनैतिकता जन्माउँछ। त्यस्ता अनैतिकता रोक्ने प्रवल, सवल र सकारात्मक मनोविज्ञानको निर्माण गर्न कानूनी शिक्षाले सक्नु पर्दछ।

देशको सामाजिक, आर्थिक व्यवस्था थुप्रै कारणले अन्याययुक्त रहेको छ। कर्मचारीले ६०,००० रुपैयाँसम्ममा कर मुक्ति पाउँछ। श्री ५ सरकारको माथिल्लो श्रेणीका कर्मचारीले औषधि उपचार, भत्ता, कतिपय सुविधाका साधनहरुमा भन्सार मिनाहा पाउँछन्। तर गाउँको "हर्के" तीन महिनाका लागि मात्र खान पुग्ने कोदो उत्पादन हुने २ रोपनी जग्गाको मालपोत सँधै सरकारलाई बुझाउँछ। उसले आधा पेट खाने वस्तु उत्पादन गर्ने साधनमाथि कर तिर्नुपर्ने तर सरकारको राजस्वबाट तलब खानेले करमुक्ति पाउनु पर्ने कारणको औचित्यता के होला ? थुप्रै त्यस्ता कानूनहरुले निम्न स्तरका मानिसहरु माथि अन्याय गरिरहेका छन्। त्यसमा पनि अहिले "विश्वव्यापीकरण" र "खुल्ला बजार" का नाममा असक्षम र सक्षमलाई प्रतिस्पर्धामा ओरालिएको छ। संविधानको राज्यका निर्देशक सिद्धान्तमा स्रोतको न्यायोचित वितरण र कल्याणकारी समाजको निर्माणलाई प्राथमिकता दिएको छ। त्यस अर्थमा गरीब किसानले उत्पादन गर्न प्रयोग गर्ने मल र धनी राजनीतिज्ञले पिउने रक्सीमा कसरी समानस्तरका करहरु लागू गर्न सकिन्छ ? अनभिज्ञ नागरिकहरुका यी सामाजिक स्वार्थको संरक्षण गर्ने कुरा प्रजातन्त्रकै चुनौती भइरहेको छ। यी चुनौतीको कानूनशास्त्रीय समाधान वर्तमान कानून शिक्षासँग छैन। कस्तो कानूनी शिक्षाले भविष्यका वकील र न्यायाधीशहरुलाई कसरी सामाजिकीकरण गर्न सकिन्छ भन्नेतर्फ दिशाबोध गर्न सक्नुपर्दछ।

नेपालले प्राय: सबै मानवअधिकार महासन्धि, सन्धि तथा दस्तावेजहरुलाई स्वीकार गरेको छ। सन्धि ऐनको दफा ९ ले नेपालले स्वीकारेका अन्तर्राष्ट्रिय महासन्धिहरु विपरीत हुने कानून अमान्य हुनेछ भन्ने वचनबद्धता पनि स्वीकार गरेको छ। त्यसरी अन्तर्राष्ट्रिय कानूनी व्यवस्थालाई लागू गर्ने प्रतिबद्धता जाहेर गरेको छ। तर ती व्यवस्थालाई लागू गर्न सक्ने शिक्षाको परिपाटी भने छैन। अहिलेसम्म कानूनी पाठ्यक्रममा "स्वच्छ र निष्पक्ष" न्यायका तत्व के हुन् ? स्वतन्त्र न्यायपालिकाका कर्तब्य के हुन् ? अभियोजनकर्ताको भूमिका के हुन ? भन्ने जस्ता कुराहरु विद्यार्थीहरुलाई पढाईदैन। त्यतिमात्रै होइन नेपालले अन्य देशका संस्थाहरुसँग सम्झौताहरु गर्नुपर्दछ तर देशमा अन्तर्राष्ट्रिय स्तरको सम्झौता मस्यौदा गर्न सक्ने कानून व्यवसायी छैनन्। कम्तीमा क्षेत्रीय व्यापारिक प्रतिस्पर्धालाई धान्न सक्ने कानून व्यवसायको अभाव हाम्रोमा छ। तर त्यसतर्फ कानूनी शिक्षा सचेत रहेको छैन।

यी थुप्रै चुनौतीहरुका बीचमा नेपालको कानून प्रणालीका बहुपक्षीय अनुसन्धान र सुधारका आवश्यकताहरु छन्। काइते पारामा क्लिष्ट कानूनी व्यवस्थाको निर्माण गर्ने प्रणालीमा परिवर्तन गर्नुपर्ने आवश्यकताहरु छन्, समतामूलक समाजको प्रवर्द्धनलाई आवश्यक पर्ने नयाँ कानूनहरु निर्माण गर्नुपर्ने आवश्यकताहरु छन्, तर ती सबै उद्देश्यहरुलाई साकार पार्ने कानूनविद्हरु उपलब्ध छैनन् र पाठ्यक्रम पनि छैन। यस्तो अवस्थामा वर्तमान शिक्षाबाट कानूनी शिक्षामा आमूल परिवर्तन त्यस अर्थमा महत्त्वपूर्ण पक्ष हो। तर त्यस सुधारसँगै केही अन्य पक्षहरु गाँसिएका छन्।

**सुधारका क्षेत्र**

त्रि.वि.वि.ले बारम्बार पाठ्यक्रमको संरचनालाई

बदल्ने क्रममा हरेक नयाँ समूहका विद्यार्थीले प्राप्त गरेका प्रमाणपत्रमा भिन्नता देखिएको छ। २ वर्षे बी.एल., ३ वर्षे बी.एल., ३ वर्षे डिप्लोमा, स्नातकपछिको डिप्लोमा, कानून प्रमाणपत्रपछिको डिप्लोमा र हाल तीन वर्षे स्नातक पछिको तीन वर्षे एल एल.बी. का पाठ्यक्रम भोग्न पाइयो, तर दुर्भाग्यवश पाठ्यवस्तुमा भिन्नता छैन। शिक्षकको योग्यतामा पनि भिन्नता छैन। पाठ्यपुस्तकमा भिन्नता छैन र पाठ्य प्रणालीमा पनि भिन्नता छैन। ती परिवर्तनहरु किन गरिएका थिए, त्यहाँ निरन्तर देखिएका कमजोरीहरु र विद्यार्थीहरुको भविष्य माथिको खेलवाडमा को जिम्मेवार छ? वर्तमान एल एल.बी. सेतो हात्ती भएको छ। एस एल.सी. परीक्षापछि विद्यार्थीको एक वर्ष परिणाम पर्खने क्रममा बित्छ। आई.ए. वा एघार वा बाह्र कक्षा पछाडि बी.ए. को लागि एक वर्ष पुनः पर्खिनु पर्दछ। तीन वर्षको बी.ए. पछि एक वर्ष पुनः पर्खिनु पर्दा एउटा विद्यार्थीले ५ वर्ष अध्ययन र तीन वर्ष बिना अध्ययन ८ वर्षको समयावधि बिताएपछि तीन वर्षको एल एल.बी. को कक्षामा बिताउनुपर्ने अवस्था छ। यो व्यवस्था किन र कसरी ल्याइयो भन्ने कुराका पछाडि कुनै औचित्यता स्थापित गर्ने आधारहरु रहेका छैनन्। प्रश्न उठ्छ के नेपाल जस्तो गरीब देशमा एउटा विद्यार्थीलाई ११ वर्ष वकील बन्न लगाई दिनु उचित हुन्छ। अहिले परिणाम गम्भीर भइरहेको छ। एल एल.बी. भोलि देशलाई आवश्यक जनशक्ति उत्पादन गर्ने भन्दा फुसर्द भएका मानिसहरुलाई एउटा "डिग्री" थप गर्ने केन्द्र भइरहेको छ। भविष्यमा कानूनको जनशक्तिको चर्को अभाव हुन सक्ने संकेत देखिएको छ भने, अर्को तर्फ गुणमा कुनै परिवर्तन रहेको छैन।

एल एल.एम. को कक्षा संचालन भए तापनि शुरुमा नै यसलाई प्रभावहीन पार्ने कार्य गरिएको स्पष्ट नै छ। ५० जना विद्यार्थीको भर्ना लिने र कोटा राख्ने चलनले त्यसको साखलाई शुरुमा नै समाप्त त पारेकै थियो, त्यसमा पनि विद्यार्थीहरुलाई अध्ययनका लागि पर्याप्त पुस्तकालयको अभाव, कक्षामा आउनुपर्ने बाध्यता नहुनु र उत्तरपुस्तिका परीक्षण प्रति विद्यार्थीहरुको व्यापक असन्तुष्टीले गर्दा त्यसको स्तरमा झनै नकारात्मक अवस्था सृजना भएको छ। एल एल.एम. अहिले खुलामञ्च भएको छ। मन लागे आउने र मन नलागे नआए हुन्छ। जुन पाठ्यक्रम पढाई भइरहेको छ त्यसमा पनि कमजोरी त छन् नै, त्यसमा पनि अध्यापनको लागि पर्याप्त शिक्षकहरु छैनन्। नेपालमा पुराना र वरिष्ट शिक्षकले नपढाए पनि हुन्छ। कार्यमूलक प्रशिक्षण प्रणालीको अभावमा विद्यार्थीहरु व्यावहारिक ज्ञानभन्दा कोरा सिद्धान्तको छलफलमा केन्द्रित हुन बाध्य छन्।

नेपाल कानून व्यवसायी परिषद्ले परीक्षा लिने व्यवस्था लागू गरेको छ, तर परिषद् र कानून क्याम्पसहरुको बीचमा समन्वयको कुनै व्यवस्था छैन। यस्तो अवस्थामा कानूनको शिक्षा प्राप्त गर्नु र वकील हुनु आफैंमा एउटा संयोगको अवस्था रहेको छ। कानूनका विद्यार्थीहरु बारको निर्वाचनमा निर्णायक भूमिका खेल्दछन्। उनीहरु बारको राजनैतिक गतिविधिमा निर्णायक शक्तिको रुपमा रहन्छन्। उनीहरु क्याम्पसदेखि नै विभाजित हुने भएबाट व्यवसायका प्रारम्भिक दिनदेखि नै आफ्ना अग्रजहरु प्रति राजनैतिक रुपमा पूर्वाग्रही रहनुपर्ने बाध्यता छ। शुरुदेखि नै विभाजित बारमा जब कुनै कानून व्यवसायीको विरुद्धमा कार्वाहीको प्रश्न खडा हुन्छ त्यहाँ राजनीतिक हस्तक्षेप शुरु हुन्छ। विद्यार्थीहरु यस्ता विषयमा पूर्ण जानकारी राख्दछन् र "नैतिक व्यवसाय" प्रति सचेत नरही बारमा प्रवेश गर्दछन्।

**किन काठमाडौं ल स्कूलको परिकल्पना भयो ?**

मूलतः कानूनको शिक्षालाई स्तरीयकरण गर्ने कसैले पहल गर्नु आवश्यक छ भन्ने भावनाले यस नयाँ ल स्कूलको परिकल्पना गरिएको हो। यसको स्थापनामा सहयोग र असहयोगका मिश्रित अनुभवहरु शुरुदेखि नै रहेका छन्। केही वर्षभित्र नियमित पठन पाठनको कार्य शुरु गर्ने गरी स्थापना गर्न लागिएको यस नयाँ स्कूलको पाठ्यक्रमका केही नयाँ विशेषताहरु रहेका छन्।

संचालन गर्न लागिएको यस स्कूलले कानूनी शिक्षालाई पूर्ण व्यावसायीकरण गर्ने लक्ष्य अनुरुप कानून व्यवसायप्रति उत्प्रेरित विद्यार्थीहरुलाई अनुकूल वातावरण प्रदान गर्ने प्रयास गरेको छ। त्यसैकारण १२ कक्षा वा प्रमाणपत्र तहको शिक्षापछि ५ वर्षको पाठ्यक्रम लागू गर्न खोजिएको छ, जसले विद्यार्थीहरुको तीन वर्षसम्म बचत गर्दछ। यो व्यवस्था नै अहिले संसारका धेरै जसो विश्वविद्यालयले लागू गरिआएका छन्। भारतको भागलपुर विश्वविद्यालयले सन् १९८६ देखि नै यो पाठ्यक्रम लागू गरेको थियो भने सन् १९९८ बाट भारतको पूना विश्वविद्यालयले पनि यसै पाठ्यक्रमलाई लागू गरेको छ। यूरोपमा धेरै विश्वविद्यालयहरुले समेत यसै पाठ्यक्रमलाई लागू गरेका छन्। विद्यार्थीहरुलाई उनीहरुको अधिकांश समय शिक्षामा लगाउन प्रेरित गर्नु यसको अर्को मौलिक पक्ष रहेको छ। प्रवेश परीक्षा अगाडि भर्ना लिन चाहने विद्यार्थीहरुलाई अनिवार्य २ महिनाको "तयारी कक्षा" दिइने सोचाई प्रस्तावित पाठ्यक्रममा राखिएको छ। यसबाट २ वटा लाभहरु देखिन्छन्– (क) कानूनी शिक्षामा चाख भएमा उत्प्रेरित विद्यार्थीहरु नै प्रवेश परीक्षामा उत्तीर्ण हुने सम्भावना बढी हुन्छ, (ख) कम्तीमा एकाध सय विद्यार्थीहरुले आफ्नो स्नातक शिक्षा शुरु गर्नु पूर्व नै देशको संविधान र कानूनको बारेमा सरसर्ती जानकारी पाउन सक्तछन्। त्यसले उनीहरुलाई सचेत र कानून शासित नागरिक बन्नमा मद्दत गर्दछ।

सम्पूर्ण पाठ्यक्रमको करीब ४० प्रतिशत भार व्यावहारिक शिक्षामा राखिएको छ। जस्तै प्रथम वर्षमा विद्यार्थीहरुलाई कम्प्यूटर प्रशिक्षणदेखि कानून व्यवसाय र न्यायप्रणालीका मर्यादाहरुका सम्बन्धमा व्यावहारिक प्रशिक्षणहरु शुरु गर्ने योजना रहेको छ। यस्तो व्यावहारिक प्रशिक्षणमा विद्यार्थीहरुले देशका प्रतिष्ठित न्यायाधीश तथा

वकीलहरुका कार्यप्रणाली, विशेषता र अनुभवहरुको बारेमा अध्ययन गर्दछन् र उनीहरुले न्यायिक समाजको निर्माणमा भोलि कसरी योगदान दिन सक्लान भनी योजना बनाउन शुरु गर्दछन् । त्यस्ता व्यावहारिक अध्ययनका अतिरिक्त विद्यार्थीहरुले समाजशास्त्र, नेपाली कानूनप्रणालीको विकास जस्ता कुराहरुका बारेमा अध्ययन गर्न पाउने व्यवस्था मिलाइएको छ । प्रथम वर्षको पाठ्यांशमा विद्यार्थीहरु प्रयोगान्मूख व्यावहारिक अध्ययनका अतिरिक्त ६५० "क्रेडिट आवर्स' बराबरको पाठ्यक्रम पूरा गर्ने छन् ।

दोस्रो वर्षको पाठयांशमा विद्यार्थीहरुको कानूनी भाषागत दक्षतालाई विशेष महत्त्व दिइएको छ । तसर्थ विशेष कानूनी अंग्रेजी र कानूनी नेपाली भाषालाई अनिवार्य विषयको रुपमा समावेश गरिएको छ । "साईवर नेटवर्किङ" बाट कानूनको अध्ययनमा जोड दिन र त्यसबाट नेपाली विद्यार्थीहरुलाई अन्तर्राष्ट्रिय जगतका नयाँ मान्यताहरुमा तत्कालै अवगत गराउने उद्देश्यले यो प्रशिक्षणलाई लागू गर्ने योजना राखिएको छ । दोस्रो वर्षदेखि नै विद्यार्थीहरु स्कूलमा खोलिने अभ्यास अदालतमा सरिक हुने छन् र यस वर्ष उनीहरुले संसारका केही चर्चित मुद्दाहरुका भिडियो टेपहरु हेर्ने र तिनीहरुको विश्लेषण गर्ने छन् । उनीहरुले शिक्षकको सहयोगमा ती प्रणालीहरुको नेपाली प्रणालीसँगको तुलनाको अध्ययन शुरु गर्ने छन् । दोस्रो वर्षमा व्यावहारिक प्रशिक्षणका अतिरिक्त ७०० क्रेडिट आवर्सको अध्ययन गर्ने छन् ।

तेस्रो वर्षदेखि व्यावहारिक अध्ययनलाई अझ सशक्त ढंगबाट लागू गरिनेछ । यस वर्ष "Effective Legal Writing / Pre-Trial Presentation, Trial Advocacy and Pleading in Appellate Courts" विषयक २ वटा व्यावहारिक विषयहरु र ६५० क्रेडिट आवर्सका अन्य विषयहरु अध्ययन गर्ने छन् । व्यावहारिक अध्ययनहरु अभ्यास अदालत मार्फत गरिने छन् ।

चौथो वर्षबाट विशिष्टीकरणको प्रक्रिया शुरु हुने । Criminal Law and Justice, Business Law, Constitutional Law र Environmental and Development Law गरी चार वटा विषयमा विशिष्टीकरण गराउने लक्ष्य राखिएको छ । अन्य विषयमा विशिष्टीकरण गराउने उद्देश्यबाट अरु थप कानून क्याम्पसहरु स्थापना हुनुपर्दछ र त्रि.वि.वि.ले पनि आफ्नो पाठ्यक्रमलाई परिमार्जन गर्नुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ । चौथो वर्षमा ४०० क्रेडिट आवर्सका अनिवार्य विषयहरु र आफूले रोजेको उपर्युक्त ४ मध्येको कुनै एक क्षेत्रमा ३०० क्रेडिट आवर्स बराबर ऐच्छिक विषय लगायत "अदालत अभ्यास" नामको बहस कला सीप सम्बन्धी व्यावहारिक कोर्सको विद्यार्थीहरुले अध्ययन गर्नुपर्ने छ । त्यसबाहेक तेस्रो वर्षदेखि नै विद्यार्थीहरुले अनिवार्य "Law Firm Placement" र "Legal Aid Clinic" का कार्यक्रमहरुमा सरिक हुनुपर्नेछ ।

पाँचौं वर्षमा विद्यार्थीहरुले ३०० क्रेडिट आवर्सका अनिवार्य विषय र ४०० क्रेडिट आवर्सका आफुले चौथो वर्षमा छानेको क्षेत्रका विषयमा अध्ययन गर्नुपर्नेछ । यसै वर्ष विद्यार्थीले "अनुसन्धानात्मक कार्यपत्र" तयार पार्नुका अतिरिक्त "Applied Legal Research" को व्यावहारिक अध्ययन गर्नु पर्नेछ । Complusory Law Firm Placement र Legal Aid Clinic मा निरन्तरता दिँदै रहनु पर्नेछ । सम्पूर्ण शैक्षिक सत्र समाप्त भएपछि विद्यार्थीहरुले बार परीक्षा उत्तीर्ण गर्नु अगाडि ६ महिनाको "Internship" र बार परीक्षा समाप्त भएपछि उत्तीर्ण विद्यार्थीहरुले ३ महिनाको "Professional Beginers Course" पूरा गरेपछि मात्रै विद्यार्थीलाई चारित्रिक प्रमाणपत्र प्रदान गरिनेछ । यी पछिल्ला २ वटा कार्यक्रममा विद्यार्थीहरुलाई व्यावसायिक नैतिकता र पक्षहरुसँग कुराकानी गर्ने कला र सल्लाह दिने कलाका बारेमा विशेष प्रशिक्षित गरिनेछ ।

पाठ्यक्रम सम्बन्धी उपरोक्त विषयका अतिरिक्त प्रस्तावित पाठ्यक्रममा निम्नलिखित थप विशेषताहरु रहने छन् ।

(क) **प्रशिक्षण प्रणाली :**

प्रशिक्षण प्रणाली अन्तर्क्रिया र समस्या समाधानमुखी व्यावहारिक प्रणालीमा आधारित हुनेछ । शिक्षकहरुले प्रत्येक वर्ष प्रशिक्षणको मूल्यांकन गर्नुपर्नेछ र प्रशिक्षण प्रणाली लगायतको पाठ्य योजना सम्बन्धित प्रशिक्षण समिति समक्ष पेश गरी त्यसको औचित्यता पुष्टि गर्नु पर्नेछ ।

(ख) **विषय सामग्री :**

प्रत्येक शिक्षकले आफ्नो विषयका प्रत्येक परिच्छेदमा लागू हुने पाठ्य सामग्री तयार गर्नुपर्नेछ, र त्यसलाई प्रयोग गर्नु पूर्व प्रशिक्षण समितिमा छलफलमा ल्याउनु पर्नेछ । प्रत्येक विषयमा एक जना मुख्य शिक्षक र एक जना सहायक शिक्षक रहने छन् ।

(ग) **पूर्णकालीन शिक्षक :**

कानूनको व्यावहारिक ज्ञानलाई निरन्तरता दिन शिक्षकहरुलाई वकालतमा प्रेरित गरिनेछ । तर आफूले वकालत गर्ने मुद्दालाई एक हप्तामा २ वटा भन्दा बढी मुद्दा नपार्न निर्देशन दिइनेछ । आफूले वकालत गर्ने मुद्दामा विद्यार्थीहरुको संलग्नतालाई अनिवार्य गरिनेछ । शिक्षकहरु पूर्णकालीन हुने छन् र उनीहरुको वरिष्ठता उनीहरुले तयार पारेका पुस्तक र अनुसन्धानमा आधारित हुनेछ ।

(घ) **विशिष्ट विद्वानहरुबाट प्रशिक्षण :**

बेन्च र बारका वरिष्ठ व्यक्तिहरुबाट नियमित व्याख्यानको आयोजना विद्यार्थी तथा शिक्षकहरुलाई गराइनेछ ।

हाल स्कूल स्थापनाको नेतृत्व वरिष्ठ सह-प्राध्यापक माधवप्रसाद आचार्यज्यूले गरिरहनुभएको छ भने अन्य ११ जना स्नातकोत्तर पूरा गरेका केही पूराना र केही नयाँ कानून व्यवसायीहरुले उहाँलाई सहयोग गरिरहेका छन् । स्कूलको पुस्तकालय स्थापनाको कार्य सक्रियतापूर्वक भइरहेको छ भने सम्पूर्ण तोकिएका विषयहरुमा कम्तीमा २ थान पुस्तकहरुको व्यवस्था हाल गरिएको छ । प्रशिक्षणमा संलग्न हुने शिक्षकहरुलाई आधुनिक प्रशिक्षण प्रणालीको बारेमा विदेशी शिक्षकहरुबाट प्रशिक्षण गराउने तयारी भइरहेको छ । निकट भविष्यमा स्कूलले आफ्नो कार्यको शुभारम्भ केही महत्त्वपूर्ण क्षेत्रका विशिष्ट प्रशिक्षणहरुबाट गर्ने छ । □□□